आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
मितिः ०४ नवम्बर २०२६
समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

प्रमुख समाचार

- केन्द्रीय मन्त्रीमंडलले चार वर्ष सेवा पूरा गरेर सेवाबाट बाहिर रहेका अग्निवीरहरूको सेवा अवधि थप गर्न स्वीकृति दिएको छ।

- केन्द्रीय मन्त्रीमंडलले विशेष फास्ट ट्रयाक अदालतहरूको केन्द्र प्रायोजित योजनालाई पाँच वर्षको अवधिका लागि जारी राख्न स्वीकृति दिएको छ।

- पश्चिम बंगालमा दीपावली अघि राज्य सरकारले बेरोजगार युवाहरूको लागी ठूलो उपहारको घोषणा गरेको छ।

- पश्चिम बंगालको उच्च शिक्षा प्रणालीमा प्राचीन भारतीय ज्ञान परम्परासँग सम्बन्धित विषयहरूलाई समावेश गर्ने तयारी भइरहेको छ।

- दार्जीलिङका सांसद राजु बिष्टले कालेबुङ नगरपालिका क्षेत्रमा पिउने पानीको संकटलाई समधान गर्न बिशेष पहल गर्नु भएको छ ।

केंद्रीय मंत्रिमंडल -अग्निवीर सेवा

केन्द्रीय मन्त्रीमंडलले चार वर्ष सेवा पूरा गरेर सेवाबाट बाहिर रहेका अग्निवीरहरूको सेवा अवधि थप गर्न स्वीकृति दिएको छ। आज नयाँ दिल्लीमा मन्त्रीमंडलको बैठकपछि पत्रकारहरूलाई जानकारी दिँनुहुदै प्रमुख रक्षा अध्यक्ष जनरल एनएस राजा सुब्रमणिले भन्नुभयो - सेवाबाट बाहिर रहेका ७५ प्रतिशत अग्निवीरहरूलाई अब दुई वर्षको अतिरिक्त सेवाको अवसर दिइनेछ। यसपछि सशस्त्र सेनामा रहन चाहने अग्निवीरहरूलाई सेनामा समावेश गरिनेछ। उहाले भन्नुभयो - अग्निवीरहरूको पहिलो ब्याचको चार वर्षको कार्यकाल अब पुरा हुँदैछ।

केंद्रीय मंत्रिमंडल - विशेष फास्ट ट्रैक अदालत

केन्द्रीय मन्त्रीमंडलले विशेष फास्ट ट्रयाक अदालतहरूको केन्द्र प्रायोजित योजनालाई पाँच वर्षको अवधिका लागि जारी राख्न स्वीकृति दिएको छ। यसमा पोक्सो मुद्दाहरूको सुनुवाइका लागि विशेष रूपमा बनाइएका अदालतहरू पनि समावेश छन्। यो योजना १ अप्रिल २०२६ देखि ३१ मार्च २०३१ सम्म जारी रहनेछ। यस योजनामा ३ हजार ७ सय ८८ करोड रुपियाँ भन्दा अधिक खर्च हुनेछ। यसमा केन्द्र सरकारको हिस्सा निर्भया कोषबाट दिइनेछ। यस योजना अन्तर्गत विभिन्न राज्य र केन्द्र शासित प्रदेशहरूमा ८५० फास्ट ट्रयाक विशेष अदालतहरू सञ्चालन गर्ने प्रावधान छ। यसमा विशेष पोक्सो अदालतहरू पनि समावेश छन्। दुष्कर्म र पोक्सो अधिनियम २०१२ अन्तर्गत विचाराधीन मुद्दाहरूको द्रुत समाधानको लागि यी अदालतहरूमा एक न्यायिक अधिकारी, विशेष सरकारी वकिल र ६ सहायक कर्मचारीहरू तैनाथ गरिनेछ।

पश्चिम बंगाल -राज्य सरकार -नियुक्ति

पश्चिम बंगालमा दीपावली अघि राज्य सरकारले बेरोजगार युवाहरूलाई ठूलो उपहार दिएको छ। राज्यको पञ्चायत विभागमा लगभग 7190 पदहरूमा नयाँ नियुक्ति गरिनेछ।

1- Byte-रोशनी छेत्री

सरकारले अर्को वर्ष अप्रिल 2027 सम्म यो सम्पूर्ण भर्ती प्रक्रिया पूरा गर्ने लक्ष्य राखेको छ। यी स्थायी नियुक्तिहरूको साथ, एक हजार अस्थायी पदहरूमा पनि भर्ती गरिनेछ। भर्ती प्रक्रियामा पूर्ण पारदर्शिता सुनिश्चित गर्न नयाँ नियमहरू लागू गरिनेछ, जसका लागि दिवालीपछि विशेष सत्र पनि बोलाइएको छ। यो सम्पूर्ण भर्ती प्रक्रिया लोक सेवा आयोग (पीएससी) मार्फत सञ्चालन गरिनेछ। यसबाहेक पञ्चायत विभागलाई चाँडै नै यसको नयाँ अत्याधुनिक भवन प्राप्त हुनेछ। यो नयाँ पञ्चायत भवन न्यूटाउनमा प्रस्तावित नयाँ विधानसभा भवनको ठीक छेउमा पाँच एकड जमिनमा निर्माण गरिनेछ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज पञ्चायत भवनमा उच्चस्तरीय समीक्षा बैठकको अध्यक्षता गर्नुभयो । यस महत्त्वपूर्ण बैठकमा पञ्चायत मन्त्री दिलीप घोष, कृषि मन्त्री दूधकुमार मण्डल सहित विभागका उच्च अधिकारीहरू र राज्यका सबै जिल्लाधिकारी तथा खण्ड विकास अधिकारी (उपस्थित थिए। बैठकमा नयाँ नियुक्तिहरूको बारेमा बताउनु हुदै मुख्यमन्त्री श्री अधिकारीले यो भर्ती प्रक्रिया अप्रिल २०२७ सम्म पूरा हुनेछ र नियुक्तिहरूमा पारदर्शिता ल्याउन पीएससीको माध्यमबाट कडा नियमहरू अन्तर्गत काम गरिने स्पष्ट पार्नुभएको छ।

पश्चिम बंगाल - उच्च शिक्षा व्यवस्था

पश्चिम बंगालको उच्च शिक्षा प्रणालीमा प्राचीन भारतीय ज्ञान परम्परासँग सम्बन्धित विषयहरूलाई समावेश गर्ने तयारी भइरहेको छ । यस अन्तर्गत चाणक्य नीति, प्राचीन गणित शास्त्र र वैदिक गणित जस्ता विषयहरूलाई राज्यका कलेज र विश्वविद्यालयहरूको पाठ्यक्रममा स्थान दिन सकिन्छ ।

-Byte- अशोक चौरासिया

राष्ट्रिय शिक्षा नीतिको अनुरुप राज्य सरकारले गठन गरेको टास्क फोर्सले यस दिशामा काम गरिरहेको छ । यो टास्क फोर्सको नेतृत्व विश्वविद्यालय अनुदान आयोग (यूजीसी) का पूर्व अध्यक्ष प्रोफेसर एम जगदीशले गरिरहनुभएको छ । समितिका प्रतिनिधिहरूले यस सम्बन्धमा धेरै चरणका बैठकहरू गरिसकेका छन् । सुत्र अनुसार बैठकहरूमा उच्च शिक्षाको पाठ्यक्रममा भारतीय ज्ञान प्रणालीसँग सम्बन्धित महत्त्वपूर्ण विषयहरूलाई प्राथमिकता दिने विचार गरिएको छ । भारतीय ज्ञान परम्पराअन्तर्गत केन्द्र सरकारले एक निश्चित रूपरेखा तयार गरेको छ । यस अन्तर्गत आई.आई.टी.का विद्यार्थीहरूलाई भारतीय ज्ञान प्रणालीसँग सम्बन्धित विषयहरूको बारेमा पनि जानकारी दिइँदैछ । टास्क फोर्सका सदस्य तथा कल्याणी विश्वविद्यालयका उपकुलपति प्रोफेसर कल्लोल पालले भारतीय ज्ञान प्रणालीमा चाणक्यको अर्थशास्त्रलाई पनि महत्वपूर्ण स्थान दिइएको बताउनु भएको छ । यो गणितसँग पनि नजिकको सम्बन्ध छ । टास्क फोर्सको निर्देशिकाअनुसार उच्च शिक्षामा उपयुक्त विषयलाई समावेश गर्ने विचार भइरहेको छ । उहाले प्राचीन गणित र चाणक्य नीतिका लागि छुट्टै पाठ्यक्रम शुरु गर्न सकिने बताउनु भएको छ । यसबाहेक बर्तमान पाठ्यक्रममा नयाँ विषयका रूपमा समावेश गर्ने विकल्प पनि छ । तर, यस सम्बन्धमा अन्तिम निर्णय कार्यदलले नै गर्नेछ ।

मुख्यमंत्री शुभेंदु अधिकारी - सिलीगुड़ी नगर निगम

मुख्यमन्त्री शुभेन्दु अधिकारीले सिलिगुडी नगर निगमको भ्रमण गरी नागरिक सेवाप्रति असन्तुष्टि व्यक्त गरेपछि नगरपालिका प्रशासन सक्रिय भएको छ । शहरमा दुर्गन्धयुक्त फोहोर जम्मा भएको गुनासोलाई मध्यनजर गर्दै आज बिहानदेखि तीन दिने विशेष स्वच्छता अभियान सुरु गरिएको छ । यसका लागि पाँच विशेष टीम गठन गरिएको छ । यस अभियानको नेतृत्व नगर प्रशासक आर विमला आफैंले गरिरहनुभएको छ । उल्लेखनीय छ , निर्वाचित नगरपालिका बोर्ड नभएका कारण सिलीगुडीको नागरिक सेवालाई लिएर विगत केही समयदेखि निरन्तर प्रश्न उठिरहेको थियो । शहरका विभिन्न क्षेत्रमा फोहोर थुप्रिएको र फोहोर सडक र नियमित सरसफाइ नभएकोमा स्थानीयहरुले असन्तुष्टि व्यक्त गरिरहेका थिए । यी गुनासोपछि मुख्यमन्त्री श्री अधिकारी आफैं नगर कार्यालय पुगेर स्थितिको जायजा लिएका थिए । यस क्रममा मुख्यमन्त्री श्री अधिकारीले सम्बन्धित अधिकारीहरूलाई

नागरिक सेवाहरू सहज राख्न र शहरको स्वच्छता प्रणालीमा विशेष ध्यान दिन निर्देश दिनुभएको थियो । साथै काली पूजा अघि पूरै शहरमा व्यापक स्वच्छता अभियान सञ्चालन गर्न जोड दिइएको छ ।

सिलिगुडी -बैठक

आगामी काली पूजा, दीपावली, तिहार र छठ पूजालाई शान्तिपूर्ण, सुरक्षित र व्यवस्थित रूपमा मनाउन आज सिलीगुडीको पिंटेल भिलेजमा एक महत्त्वपूर्ण तयारी एवं समीक्षा बैठक सम्पन्न भयो। बैठकमा गृह तथा पार्वतीय मामिला राज्य मन्त्री विशाल लामा, खर्साङका विधायक सोनम लामा, दार्जिलिङका जिल्ला अधिकारी पुलिस आयुक्त, सिलिगुडी, विद्युत विभागका कार्यकारी अभियन्ता र विभिन्न सम्बन्धित विभागका अधिकारीहरूको उपस्थित थिए। बैठकमा आगामी चाडपर्वहरूलाई ध्यानमा राख्दै सुरक्षा व्यवस्था, ट्राफिक प्रबन्धन , बिजुली आपूर्ति र आम मानिसको सुविधासँग सम्बन्धित विभिन्न महत्त्वपूर्ण मुद्दाहरूमा विस्तृत चर्चा गरिएको छ। चाडपर्वहरूमा हुने समस्याहरूलाई ध्यानमा राख्दै आवश्यक तयारी र प्रबन्धनलाई प्रभावकारी बनाउनमा पनि जोड दिइएको छ। कालीपूजा, दीपावली, तिहार र छठ पूजाका अवसरमा सर्वसाधारणलाई कुनै समस्या नहोस् भन्ने उदेश्य राखेर सम्बन्धित निकायबीच समन्वय गरी आवश्यक व्यवस्था मिलाउन बैठकको आयोजना गरिएको बताइएको छ ।

कालेबुंग नगरपालिका -पेयजल संकट -सांसद राजू बिष्ट

दार्जीलिङका सांसद राजु बिष्टले कालेबुङ नगरपालिका क्षेत्रमा पिउने पानीको संकटलाई समधान गर्न बिशेष पहल गर्नु भएको छ । उहाले आगामी १५ दिनसम्म शहरका विभिन्न क्षेत्रमा दैनिक ट्यांकर मार्फत पानी उपलब्ध गराउने घोषणा गर्नुभएको छ । संसद श्री बिस्टले यस अवधिमा ट्यांकरबाट पानी आपूर्तिको सम्पूर्ण खर्च आफैं बेहोर्ने बताउनु भएको छ । आज सांसद राजु बिष्टले कालेबुङ नगरपालिकामा समीक्षा बैठक गर्नुहुदै खानेपानीको संकटको अवस्थाबारे जानकारी लिनुभयो l । बैठकमा कालेबुङका विधायक भरत क्षेत्री, जिल्ला अधिकारी , नगर प्रशासक र जिल्ला तथा नगरपालिकाका अधिकारीहरू उपस्थित थिए । सांसद श्री राजु बिष्टले आगामी १५ दिनभित्र जलाशयको साफ सफाई र मर्मतको काम सम्पन्न गर्ने लक्ष्य राखिएको बताउनु भएको छ।

दार्जिलिङ- मन्डारिन सुन्तला

दार्जिलिङमा उत्पादित भौगोलिक संकेत जी.आई टैग प्राप्त मन्डारिन सुन्तलाले प्रत्येक बर्ष सुन्तलाप्रेमीहरुको ध्यान आकर्षित गर्दछ ।यद्यपि, वार्षिक उत्पादनमा महत्त्वपूर्ण योगदानका कारण पहाडको "सुन्तला को बोल " भनेर चिनिने मिरिकका सुन्तला उत्पादकहरू यस वर्ष उत्पादनमा सम्भावित गिरावटको कारण चिन्तित बनेका छन्। यस क्षेत्रका लगभग १५ हजार किसानहरू सुन्तला खेतीमा संलग्न छन्। यी किसानहरू मध्ये अधिकांश र लोअर र अप्पर सौरेनी बस्ती ,बोबर्जी गाउ , पालजोर गाउ डुप्टिन र मिरिक खण्डका अन्य पहाडी क्षेत्रसित सम्बन्धित छन् ।दार्जीलिङ सुन्तला किसान उत्पादक संगठन (डी.ओ.एफ.पी.ओ.) का अध्यक्ष मनोज सुब्बाले अचानक भएको जलवायु परिवर्तनको कारण बिगत वर्षको तुलनामा यस बर्ष सुन्तला खेतीमा प्रतिकूल असर पारेको बताउनु भएको छ। "मौसममा आएको परिवर्तन, बेमौसमी वर्षा सहित, फूल फुल्ने क्रममा रूखमा असर परे पछि , परिणामस्वरूप फल समय भन्दा पहिले झर्न थालेको श्री सुब्बाले बताउनु भएको छ। जलवायु परिवर्तनका साथै फलमा लाग्ने झिंगाको आक्रमणले पनि उत्पादनमा असर पारेको उहाले बताउनु भएको छ l

पश्चिम बङ्गाल- छापा

पश्चिम बङ्गालमा धन शोधन विरुद्ध प्रवर्तन निदेशालय (ईडी) को कारबाही निरन्तर जारी छ। सोही क्रममा आज बिहान केन्द्रिय जाँच एजेन्सीका अधिकारीहरूले कोलकाताको उपनगरीय क्षेत्र कमलगाजीमा एकजना व्यापारीको घरमा छापा मार्यो l व्यापारीले हवालाको माध्यमबाट प्रचुर मात्रामा धन शोधनको च्याकेट चलाइरहेका थिए।ईडी सूत्र अनुसार, यो खोजी अभियान गुवाहाटीमा दर्ता मुद्दाको आधारमा संचालन गरिएको हो।

पश्चिम बङ्गाल-मौसम

पश्चिम बङ्गालमा मौसमको स्वरूप बिस्तारै परिवर्तन हुन थालेको छ। बुधवार राज्यका अधिकांश जिल्लाहरूमा मौसम मुख्यतया सुख्खा रहने अनुमान गरिएको छ। तथापि कतिपय क्षेत्रहरूमा हल्का वर्षा हुन सक्छ। अलिपुर मौसम विज्ञान विभाग

अनुसार, आगामी केही दिनसम्म राज्यमा वर्षा हुने सम्भावना छैन। योसँगसँगै आउँदो दिनमा न्यूनतम तापक्रम बिस्तारै घट्ने सम्भावना छ।

मौसम विभाग अनुसार , आगामी 48 घण्टासम्म रातीको तापमानमा कुनै उल्लेखनीय परिवर्तन हुने छैन। दार्जीलिङ र कालेबुङका पहाडी क्षेत्रहरूमा बिहान-बेलुकी चिसोको प्रभाव बढ्न थालेको छ।

****** ० ******